जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाह्नु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १८० पृष्ठः ४ | २०८२ कार्तिक २० बिहीबार (Thursday 06 Nov. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## कमला नदीमा 'धामी-झाँक्री मेला', हजारौं भक्तजनको उपस्थिति

**रामनारायण ठाकुर**

सिरहा, १९कार्तिक। सिरहा-धनुषासीमा कमला नदीमा सिद्धि प्राप्तीकालागि धामी-झाँक्रीहरुको ठूलो भेला भएको छ। प्रत्यक वर्षजस्तै यसवर्षपनि कार्तिक शुल्क पूर्णिमाका अवसरमा वर्षभरी सिकेका गुण सिद्धीकोलागि धामी-झाँक्रीहरु भेला भएका हुन्। मेलामा धनुषा, सिराहा र भारतको सीमाक्षेत्रबाट कमला नदी किनारमा 'धामी-झाँक्री' भेला हुने गर्दछ। धामी-झाँक्री मेलामा सहभागी सर्वसाधानरणसमेत भेला हुने गर्दछ। उनीहरु 'भुत प्रेत' हट्छ भन्ने मान्यता अनुसार धामी झाँक्रीको आदेश अनुसार काम्दै कमला स्नान गर्न आउने बताउँछन्।

पहेँलो धोती र सारीमा सजिएका नवधामी-झाँक्रीहरूले हातमा बेतको छडी घुमाउँदै, कर्कश स्वरमा मन्त्रोचारण गर्दै जप्दै पैदल यात्रा गर्दै नदी किनारमा पुग्ने गर्दछ। बुधबार बिहान सूर्योदयसँगै हजारौँ नवधामी-झाँक्रीहरूले कमला नदीमा पवित्र स्नान गर्दै शक्ति प्राप्तिको अनुष्ठान पूरा गरेका छन्। कात्तिक पूर्णिमालाई तन्त्र सिद्धिका लागि अत्यन्त शुभ दिनको रुपमा लिने जनविश्वास रहेको छ। यस दिन शरीरमा देवताको वास भई स्थायी रूपमा भगता बन्ने विश्वास छ। महोत्तरी जिल्ला गौशला नगरपालिका ११ का धामी गुरु मोहन महतोका अनुसार, 'कात्तिक शुक्ल पूर्णिमाको दिन भूत-बैताल र देव-देवीहरूलाई गुह्य रूपमा साधना गरी आफूलाई शुद्धीकरण गर्न सकिन्छ।'

धनुषा-सिरहा सीमामा पर्ने उतराहिणी, सिमरा, चिकना, भोक्सा, सारश्वर, बनिनिया, बसपिट्टा, बरेरबा, फूलबरिया, इनर्वालगायतका घाटमा भक्तजनहरूको विशेष जमघट देखिएको छ। विजया दशमीदेखि सक्रिय भएका धामी-झाँक्रीहरूले आश्विन अमावस्यासम्म गुरुबाट मन्त्र सिकेर कालीपूजाका दिन साधना पूरा गर्ने र त्यसपछि कात्तिक पूर्णिमामा देवतालाई स्थायी बासका लागि निम्तो दिने प्रथा रहेको स्थानीयहरूले बताउँदै आएका छन्। महोत्तरी, धनुषा, सर्लाही, सिराहा, सप्तरी, बारा, पर्सा, सुनसरी, मोरङ तथा भारतका सीमावर्ती गाउँहरूबाट समेत घण्टी, ढोल, लाठी र घुँघरू बजाउँदै नदीतर्फ आएका धामी-झाँक्रीहरूको रौनकले कमला घाटको माहोल धार्मिकमय बनेको छ।

**-बाँकी दुई पेजमा**

## कात्तिक २२ गते मुख्यमन्त्रीले विश्वासको मत लिने

**धर्वेन्द्र झा**

जनकपुरधाम, १९ कार्तिक। मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनार (सोनल) ले कात्तिक २२ गते शनिबार बस्ने मधेश प्रदेशसभाको वैठकमा विश्वासको मत लिने कार्यक्रम तय भएको छ। मुख्यमन्त्री सोनारले नेपालको संविधानको धारा १६८ को उपधारा ४ बमोजिम विश्वासको मत लिनका लागि व्यवस्था मिलाइ दिन प्रदेशसभा सचिवालयमा बुधबार पत्र पठाएपछि प्रदेशसभा सचिवालय मधेश प्रदेशले कात्तिक २२ गते शनिबार दिनको १ बजे प्रदेशसभाको वैठक अह्वान गरेको छ।

मुख्यमन्त्री सोनारको तर्फबाट

**-बाँकी अन्तिम पेजमा**

## मैथिली महिला सञ्जाल सप्तरीले खेले सामूहिक सामा चकेवा

**सुधा देव**

सप्तरी, १९ कार्तिक। मैथिली महिला सञ्जाल सप्तरीका महिलाहरूले मंगलबार धुमधामले सामूहिक रूपमा सामा चकेवा खेलेका छन्। दाजुभाइको दीर्घायुको कामना गर्दै सुरुभएको सामा चकेवा स्थानीय शिव मन्दिरको प्राङ्गणमा धुमधामले खेलेको मैथिली अभियानी एवं शिक्षिका ललिता झाले जानकारी

दिनुभयो।उहाँले भन्नु भयो, "छठपूजासँगै सप्तरीसहित तराई मधेशका दिदीबहिनीले माटोको सामा चकेवा लगायतका मानवरूपी पात्रहरू बनाएर सिँगारेर घरघरमा खेल्दै आए पनि अन्तिम दिन विभिन्न टोल समुदायका दिदीबहिनीहरू मिलेर समूह खेलेर रमाइलो गर्नुका साथै मधेशका रीतिरिवाज र संस्कृतिलाई निरन्तरताका लागि सबै उत्सुक भएर खेल्नुभयो।"

परापूर्व कालदेखि मधेसश र थारू समुदायले खेल्ने सामा चकेवा कात्तिक शुक्ल पञ्चमी तिथि छठपूजाको खरनाको दिन देखि शुरूभई कार्तिक पूर्णिमा तिथि अर्थात् आज बुधबार सामा चकेवालाई विसर्जन गर्ने अर्का मैथिली अभियानी रश्मि झाले बताउनुभयो। सामा चकेवाको विसर्जनपछि दिदी बहिनीले दही चिउरा मिठाई लगायत खानेकुरा प्रसादी बाँडेर समूहमा बसेर खाने चलन छ।

**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## मधुमेह (डायबिटिज) रोगबाट बचौं ।

मधुमेहले,

- शरीरका विभिन्न अंगमा क्षति पुर्‍याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ।

**त्यसैले मधुमेहबाट बच्न,**

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरु नखाऔं,
- तनाब व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## भ्रष्टाचारको बीउ अपारदर्शी र तजबिजी निर्णय

राजनीतिक प्रणालीमा भएका परिवर्तनहरूले राज्य सञ्चालन विधि बदल्न नसकेको यथार्थको कारण खोज्न भने युवा आन्दोलनबाट स्थापित नयाँ सरकार पनि चुक्दै गएको देखिन थालेको छ। राज्य सञ्चालनको संस्कार जनमुखी बन्न नदिने प्रशासन यन्त्र हो भन्ने यथार्थ आत्मसात नगर्दासम्म 'सुशासन' सपनामात्र हुन्छ। प्रधानमन्त्री सुशीला कार्कीले नेपाल सरकारका सचिवहरूलाई दिएकी निर्देशन पनि उनका पूर्ववर्तीहरूले दिने गरेका निर्देशनहरूभन्दा खासै फरक देखिँदैन। फरक केमात्रै छ भने प्रधानमन्त्री कार्कीले "भाद्र २३ र २४ गतेको आन्दोलनको मर्म र भावना" भन्ने शब्दावलीबाट निर्देशन सुरु गरेकी छिन् उनका पूर्ववर्तीहरू निर्वाचित संसद्को बहुमत जुटाएर सत्तामा पुग्थे र 'जनादेश'को दुहाइ दिने गर्थे।

यद्यपि, प्रधानमन्त्री कार्की सत्तामा पुग्ने आधार र उनलाई प्राप्त कार्यादेशमा भने ठूलो अन्तर छ। कार्की जेन-जी युवाले आह्वान गरेको आन्दोलनको बलमा प्रधानमन्त्री नियुक्त भएकी हुन्। आन्दोलनद्वारा सत्तामा पुगेको सरकारले नियमित विधि, प्रक्रिया र संयन्त्रलाई परिचालन त गर्ने हो तर भर पर्ने होइन। विद्यमान संयन्त्रबाट प्रचलित विधि र प्रक्रियाकै भरमा जनताले अनुभूत गर्नेगरी 'भ्रष्टाचार नियन्त्रण, सुशासन र प्रभावकारी सेवा प्रवाह' हुन्थ्यो भने आन्दोलनका नाममा यति ठूलो बलिदान र विध्वंस हुने नै थिएन। नेपालको कर्मचारी तन्त्र जनमुखी सुधारको सबैभन्दा ठूलो बाधक रहिआएको छ। उनीहरूको दीक्षा नै सामन्ती संस्कार ग्रस्त छ। 'हुकुम'लाई कानुनभन्दा ठूलो मान्ने राणाकालीन संस्कार नै कर्मचारीतन्त्रमा अहिलेसम्म चल्दैआएको छ। यसैले कुनै प्रधानमन्त्रीको निर्देशन वा आयोगको सुझावका भरमा जनताले अनुभूत गर्नेगरी 'भ्रष्टाचार नियन्त्रण, सुशासन र प्रभावकारी सेवा प्रवाह' हुने कल्पना गर्नु पनि मूर्खता हुन्छ। कर्मचारीको नियतभन्दा उनीहरूको 'दीक्षा' र संस्कारले सुधार विरोधी बनाएको हुन्छ। राज्यलाई बलियो बनाउने भन्दाभन्दै नागरिकलाई कमजोर बनाउने विधि र प्रक्रिया बनाइएको सम्भवतः मस्यौदाकार कारिन्दाले पनि पत्तै पाउँदैनन्। यसैले अहिलेसम्मका सबै सुधारका प्रयासहरू 'आधा अधुरा' रहन पुगेका हुन्। यसभन्दा पहिलेकाले पनि कम्तीमा 'प्रभावकारी सेवा प्रवाह'को चाहना त गरेकै थिए।

प्रधानमन्त्री सुशीला कार्कीको सरकारसँग समय धेरै छैन। उता शासन संयन्त्रमा गरिने सुधारको प्रतिफल तत्काल देखिन पनि सक्तैन। यसैले सुधारको लामो सूची बनाउनुभन्दा निर्वाचन गराएर सरकारबाट बिदा हुने बेलामा परिणाम देखिने विषयहरूमा केन्द्रित हुनु उचित हुनेछ। प्रशासनमा दिगो जनमुखी सुधार गर्ने चाहना हो भने ससाना केही कुरामा ध्यान दिए हुन्थ्यो। निर्णय प्रक्रियालाई सकेसम्म बढी पारदर्शी बनाएर निर्णयप्रति सम्बन्धित अधिकारी जवाफदेही हुनुपर्ने विधि अपनाउने हो भने भ्रष्टाचार नियन्त्रणको जग बस्नेछ। पारदर्शिताको अर्थ अहिले सरकारी संयन्त्रमा बुझ्ने गरिएजस्तो निर्णय भएपछि जानकारी दिनुमात्र होइन। त्यो निर्णय किन र कसरी भयो भन्ने स्पष्ट उत्तर पनि हुनुपर्छ। साथै, त्यसो निर्णय अरूका हकमा दोहोरिनु पनि पर्छ र निर्णयकर्ताको नेकीबदी उसको निर्णयका आधारमा तय गरिनुपर्छ। यसैगरी नियत जति नै स्वच्छ छ भनिए पनि तजबिजका आधारमा निर्णय भएको देखियो भने त्यसमा भ्रष्टाचारको सम्बन्ध रहेको सन्देह हुन्छ। तजबिजी निर्णय पारदर्शी त हुँदै हुँदैन। यसैले तजबिजी निर्णयको प्रयोग सकेसम्म कम गर्ने र तजबिजमै लिइएको निर्णय पनि निश्चित विधि र मापदण्डमा आधारित भएको देखिने हुनुपर्छ। अनिमात्र जनताले अनुभूत गर्नेगरी भ्रष्टाचार नियन्त्रण, सुशासन र प्रभावकारी सेवा प्रवाह हुनसक्छ।

विधि र प्रक्रियामा सुधार गर्दा पारदर्शिता बढाउने र तजबिज घटाउने अभ्यास अपनाउन जोड दिइयो भने प्रधानमन्त्री सुशीला कार्कीले चाहेजस्तो सेवा प्रभावकारी हुन र भ्रष्टाचार नियन्त्रण हुनसक्छ। सुशासन गाँसिएको फुँदामात्रै हो। शासन प्रशासन राम्रो भए पुग्छ। सँगै मन्त्रिपरिषद्कै सदस्यबाटै यी निर्देशन पालना भएमात्र नयाँ सरकारले साँच्चै नै नयाँ सुरु गरेको देखिनेछ।

## कमला नदीमा...

धामी-झाँक्रीहरूले पवित्र स्नानपछि कमला नदीको जल घर लैजाने गर्दछ, जसलाई पूजा-अर्चनामा शुद्धताका प्रतीकका रूपमा प्रयोग गरिन्छ। मंगलबार साँझदेखि नै धामी, भगता र सर्वसाधारण भक्तजनहरू घरको कुलदेवता खेलाउँदै कमला नदी किनारमा भेला भएका छन्। रातभर नदी किनारमै बास बसेका उनीहरूले बुधबार बिहान स्नान, पूजा-पाठ गरी दही-च्यूरा खाएर घर फर्किने छन्। कात्तिक पूर्णिमामा स्नान, दान र व्रत गरे मुक्ति प्राप्त हुने जनविश्वास रहँदै आएको छ। गंगाको स्वरूप मानिने कमला नदीमा यो मेला तान्त्रिक संस्कृति, धार्मिक आस्था र स्थानीय लोकमान्यताको अद्वितीय संगमका रूपमा मानिन्छ। सांस्कृतिक पहिचान संरक्षणका लागि पनि मेलाले महत्वपूर्ण भूमिका खेलेको छ।

# कांग्रेस बदलिएर देशको नेतृत्व गर्ने कि यथास्थितिमा रमाएर इतिहासमा सीमित हुने ?

**नारायणप्रसाद भट्टराई**

नेपाली समाज र राजनीति नयाँ दिशातिर उन्मुख छ जेन-जी विद्रोहपछि। यसलाई हेर्ने आआफ्नै कोण र दृष्टि होलान् तर यसले नेपालको राजनीतिक कालखण्ड नै विभाजन गरेको छ। नेपालको राजनीतिक इतिहासमा २०८२ भदौ २३ सम्मको नेपाल र २०८२ भदौ २४ पछिको नेपाल भनी स्पष्ट विभाजन हुने नै छ। भदौ चौथो साताको उक्त परिघटना नेपाली समाजको चेतना र राजनीतिक परिवर्तनको आलोकमा नवीन र प्रभावशाली बनेर उपस्थित भएको छ ।

नेपालको राजनीतिक क्षितिजमा यसलाई हेर्ने, बुझ्ने र विश्लेषण गर्ने खासगरी दुई वटा विचारधारा देखिएका छन्। यो विचारधारा सबै राजनीतक दलहरूभित्रको बहसका साथै नागरिक तथा बौद्धिक समुदायमा भइरहेको विश्लेषणमा पनि देखिन्छ। यो नेपालको नवपुस्ताको चेतना, भावना, चाहना र समाजको मागमा आधारित युगान्तकारी परिवर्तन हो। यसलाई आधार मानेर आगामी दिशा तय गर्नुपर्छ भन्ने एउटा मत छ। यसले नेपाली समाज र राजनीतिमा नयाँ चेतनाको प्रस्फुटन गरेको छ।

राजनीतिक इतिहासको क्रम भंग गरेको छ। नयाँ दिशाबोध गरेको छ। नेपाली समाजलाई जागरुक बनाएको छ। लोकतन्त्र र यसको मूल्य पद्धतिको थप लोकतन्त्रीकरणमा यो सहयोगी बनेको छ। राजनीतिक वाद र विचारधारालाई चुनौती दिँदै नेपालीपनको परिचय दिएको छ।

यसले नागरिकको वाक तथा अभिव्यक्ति स्वतन्त्रताको वकालत गरेको छ। 'सुशासन'को माग गरेको छ। समाजको जगैसम्म झाँगिएको र अपसंस्कृतिका रूपमा विकसित भएको भ्रष्टाचारको अन्त्य र शून्य सहनशीलताको माग गरेको छ। नेतृत्वमा जवाफदेही र पारदर्शिताको सुनिश्चितता खोजेको छ। शासन सत्ता सञ्चालनमा पुगेका दलहरूमा जिम्मेवारीबोध, नवीनता र रूपान्तरण खोजेको छ। यो नवपुस्ताको चाहना र राजनीतिक विकृति, विसंगतिमाथि 'सशक्त' हस्तक्षेप हो। यही आलोकमा नेपालको नयाँ राजनीतिक यात्रा प्रारम्भ गरिनुपर्छ।

अर्को, नयाँ परिघटनालाई यथास्थितिमा रहेर हेर्ने मत पनि छ। उक्त दृष्टिकोणले नवपुस्ताको विद्रोहलाई स्वीकार गर्दैन। नयाँ पुस्ताको चेतना, समयको आवश्यकता र परिवर्तनको उत्कट अभिलाषा पनि अस्वीकार गर्छ। यसबाट भएको परिवर्तनलाई 'षड्यन्त्र'का रूपमा हेरेको छ। समय बितेसँगै सबै ठीकठाक हुन्छ र उहीँ पुरानै अवस्थामा फर्किन्छ भन्ने विश्वास गर्छ। उसको बुझाइमा नयाँपुस्ता (जेन-जी) का नाममा अरू कसैले गरेको घुसपैठ हो। यसमा भूराजनीतिक खेलाडीको प्रभाव छ र यो आफ्नो राजनीतिको रोटी सेक्न गरिएको प्रपञ्च हो। यसलाई फौजदारी 'वारदात'को कोटीमा हेरिनुपर्छ। र, प्रचलित कानुनद्वारा दण्डनीय बनाइनुपर्छ भन्ने देखिन्छ।

के यो दृष्टिकोणले मुलुक अघिल्तिरका समस्या सम्बोधन गर्ने ताकत राख्छ ? 'लिक' बाहिर गएको नेपालको संविधानलाई 'लिक'मा फर्काउने मार्ग सुझाउँछ ? बेचैनीमा फसेको समाजलाई नयाँ आशा, भरोसा र विश्वास दिलाउँछ ? विचारणीय छ। जेन-जी विद्रोहलाई यथास्थिस्तिका पक्षपोषकहरू राजनीतकभन्दा अपराधिक 'उपमा' दिन उद्यत् छन्। यस्तो बुझाइ, विश्लेषण र प्रतिक्रियाले नेपालको अग्रगति र प्रगतिमा बाधा पुग्न गई समाजमा थप आक्रोश र द्वन्द्व बढ्ने खतरा देखिन्छ। यो परिस्थिति आउनुमा तत्कालीन सरकारमा सहभागी दल र तिनका नेतृत्वको जति जिम्मेवारी छ त्यसको जवाफदेही पनि उनीहरूकै हो। यसलाई सम्हाल्ने र नयाँ दिशा दिने दायित्वबोध समयमै गरेको राम्रो।

जेन-जी आन्दोलनको प्रभावबाट कोही पनि अछुतो छैन। यसले नेपालको पुरानो संस्कारलाई चुनौती दियो। जननिर्वाचित प्रतिनिधिसभाको 'विघटन' गरायो। संसद्मा प्रचण्ड बहुमतको ओली सरकारलाई 'अपदस्थ' गरायो। राजनीतिक आवश्यकताको सिद्धान्तमा आधारित नागरिक सरकारको गठन भयो। यसले नेपाली समाजको चिन्तनधारामा 'परिवर्तन' ल्याएको छ। नेपालको राजनीति, शासन पद्धति, लोकतान्त्रिक संस्कार र प्रक्रियालाई नयाँ शिराबाट व्याख्या र विवेचनाको माग गरेको छ। यसका सकारात्मक पाटाहरू अनेकौं छन्। यसले राजतन्त्रको 'अवशेष'लाई 'नो' भनेको छ।

उग्रवामपन्थ र उग्रदक्षिणपन्थको मार्गलाई 'अस्वीकार' गरेको छ। राजनीतिमा हुने 'वाद' को बहसलाई अन्यत्र मोडेको मात्र छैन नयाँ पुस्ताले 'कम्युनिस्ट आइडियोलोजी'लाई 'वाई' पनि भनेको छ।

भदौ २४ को तोडफोड, लुटपाट र आगजनीजस्ता विध्वंसलाई देखाएर यसको पवित्र उद्देश्य र सन्देशलाई निरुत्साहित गरिनु हुन्न। यसलाई त नेपालको लोकतन्त्रीरणको नयाँ अध्यायको रूपमा ग्रहण गरिनु वाञ्छनीय हुन्छ। जेन-जी आन्दोलनपछि नेपालका पुराना राजनीतिक दलहरूमा ठूलो भुइँचालो गएको छ। यसको पराकम्पनले पार्टीहरूभित्र तीव्र ुवीकरण र नयाँ बहसको प्रारम्भ भएको छ। जसरी समाजका हरक्षेत्रमा तीव्र बहस भइरहेको छ त्यसैगरी राजनीतिक दलहरूमा पनि नयाँ 'दिशावोध' र 'जागरण'को आवश्यकता महसुस भएको छ। विगत १० वर्षदेखि सत्ताको 'म्युजिकल चियर'मा रमाइरहेका तीन दल नेपाली कांग्रेस, नेकपा ( एमाले) र माओवादी केन्द्रमा आन्तरिक लोकतन्त्र, लोकतान्त्रिक संस्कृति र हिजोका बेथितिविरुद्ध जुन आवाज उठेको छ त्यसले पार्टीको 'ग्रासरुट'सम्म खबरदारी गरेको छ।

पुरानामात्र होइन नयाँ भनिने दलहरूमा पनि परिवर्तनको हुटहुटीले तीव्र ुवीकरण र वैचारिक बहस सतहमा आएको छ। राजनीतिक दलहरूमा भएको बहसको केन्द्रमा 'सक्किने कि सच्चिने' भन्ने विषय 'मुखर' भएको छ। बदल्न निम्ति 'बदलिने कि नबदलिने' भन्ने प्रश्न खडा भएको छ। परिवर्तनलाई हेर्ने दृष्टिकोणका आधारमा पार्टीहरूमा नयाँ 'वैचारिक समूह'हरू निर्माण हुँदैछन। पार्टी पुनर्जागरण र रूपान्तरणको बहस केन्द्रदेखि तल्ला निकाय र संस्थासम्म विस्तार हुँदैछ।

यहीबीच नेकपा (माओवादी केन्द्र)ले पार्टीको केन्द्रीय समिति विघटन गरी महाधिवेशन तयारी समितिको गठन गरेको छ। परिवर्तनको सन्देशलाई आत्मसात् गऱ्यो वा गरेन त्यो अर्को विषय भयो तर पराकम्पनको असरले उसलाई प्रभावित भने बनाएको देखियो। तत्कालीन सरकारको नेतृत्व गरेको दल नेकपा (एमाले)को मूल नेतृत्व यथास्थितिमा अझ पश्चगामी देखिँदै गर्दा नेतृत्व हस्तान्तरणको मुद्दा पेचिलो बनेको छ। यदि्प, उसले पनि आगामी मंसिरमा पार्टीको 'अर्ली महाधिवेशन' गर्ने निर्णय गरिसकेको छ। अब नेपाली कांग्रेसको प्रसंग। नेपालको अग्रणी लोकतान्त्रिक पार्टी नेपाली कांग्रेस यतिबेला इतिहासको असाध्यै गम्भीर र संवेदनशील अवस्थामा छ। पार्टीमा नवीनता, पुनर्जागरण, रूपान्तरण र नेतृत्वको पुस्तान्तरणसहितको हस्तान्तरणको आवाज तीव्र बनेको छ।

यही पृष्ठभूमिमा कांग्रेस सभापति शेरबहादुर देउवाले सभापतिको जिम्मेवारीबाट बिदा लिएका छन् र उपसभापतिलाई कार्यवाहकको जिम्मेवारी सुम्पेका छन्। पार्टीमा वैचारिक पुनर्जागरण र नेतृत्व परिवर्तनका लागि 'महाधिवेशन'को माग जबर्जस्तरूपमा उठेको छ। कुलमा ५४ प्रतिशत बढी महाधिवेशनका प्रतिनिधिहरूले पार्टी विधानको धारा १७ (२) बमोजिम 'विशेष महाधिवेशन' माग गर्दै केन्द्रमा हस्ताक्षरसहित निवेदन दर्ता गरेका छन्।

एकातिर यही मंसिरमा पार्टीको ४ वर्षे कार्यकाल सकिँदैछ। पार्टी विधानअनुरूप मंसिरभित्र यसले १५ औं महाधिवेशनको आयोजना गर्नुपर्नेछ। तर महाधिवेशनका लागि न्यूनतम तयारी समेत भएको छैन। पार्टी नेतृत्व एकवर्ष अवधि बढाउने ध्याउन्नमा लागेर भदौ २३ अघि महाधिवेशनको कुनै तयारीमा लागेन। तल्ला निकायमा पुगेको क्रियाशील सदस्यता नवीकरण र वितरणको कार्यमा समेत संस्थापन पक्ष विलम्ब गराउन उद्यत रहृयो। सत्ता राजनीतिको रमितामा मात्र उसले ध्यान दियो। तर भदौ २४ पछि बदलिएको परिवेशले कांग्रेसमा महाधिवेशनको आवाज प्रखर रूपमा उठेको हो।

अब कांग्रेसको जारी केन्द्रीय समिति बैठकसामु दुईवटा विकल्प छन्। या त मंसिरमा पार्टीको १५ औं महाधिवेशनका लागि कार्यतालिकासहित होमिने वा मागबमोजिम विशेष महाधिवेशनको आह्वान गर्ने। पार्टी संस्थापन पक्ष यो दुवै विकल्प टार्ने, अल्मलाउने र पर धकल्ने मनसायमा देखिन्छ।

यद्यपि विधानको धारा १७ (२) को वाध्यात्मक व्यवस्थाले १५ औं महाधिवेशन पर धकेल्न खोजेपनि विशेष महाधिवेशन मागकर्ताको निवेदन अनुसार स्वतः विशेष महाधिवेशन आकर्षित हुन्छ। अहिलेको आवश्यकता महाधिवेशनमार्फत नयाँ नीति र नेतृत्वसहित आगामी फागुण २१ को प्रतिनिधि सभा निर्वाचनमा होमिनु हो। निर्वाचनका लागि बढ्दो समयको चाप, जेन-जी आन्दोलनको सन्देशअनुरूप पार्टीको नीतिमा व्यापक परिमार्जन, संरचनामा आमूल सुधार र रूपान्तरण, समयसापेक्ष नेतृत्वको छनोट जस्ता निर्णयका लागि विशेष महाधिवेशनबाहेकको विकल्प देखिँदैन। यसलाई धकेल्ने चेष्टाले पार्टी 'सच्चिने कि सक्किने' भन्ने अहम् प्रश्न खडा छ।

**विशेष महाधिवेशन किन ?**

१. आन्दोलनमार्फत प्रकट भएको नवयुवाको भावनाको सम्बोधन गरी युवा उमेर समूह (जेन-जी) को मागअनुरूप समयसापेक्ष नेपाली कांग्रेसलाई वैचारिक, नीतिगत र संरचनात्मक रूपान्तरण गरी अघि बढाउन।

२. पार्टीको ४ वर्षे कार्यकाल यही मंसिर मसान्तमा सकिने भएकाले १५ औं महाधिवेशन आगामी मंसिरभित्र गर्नुपर्ने वैधानिक व्यवस्था छ। तर, केन्द्रीय समितिले आजसम्म महाधिवेशनको कुनै तयारी गरेको देखिँदैन। यसको प्रारम्भिक र आधारभूत कार्य मानिने क्रियाशील सदस्यता नवीकरण र वितरणको कार्यसमेत संस्थापन पक्षको उदासीनताका कारण सम्पन्न भएको छैन। फागुण २१ को निर्वाचन र त्यसअघि पार्टी रूपान्तरण र नेतृत्वको चयन गर्नुपर्ने अहिलेको बाध्यात्मक र अनिवार्य आवश्यकता एवं बढ्दो समयको चापले पनि १५ औं महाधिवेशनको सुनिश्चित छैन।

**-बाँकी तीन पेजमा**

## कांग्रेस बदलिएर ...

३. हाल मुलुकमा उत्पन्न राजनीतिक संकटको गम्भीरतालाई मनन गरी पार्टीलाई नयाँ ढंगले रूपान्तरण गर्न विधानको धारा १७(२) बजोमिम केन्द्रीय कार्य समिति आफैँले विशेष महाधिवेशनको आयोजन गर्न सक्ने वा महाधिवेशनका ४० प्रतिशत प्रतिनिधिहरूले कारणसहित विशेष महाधिवेशनको माग गरेमा तीन महिनाभित्र विशेष महाधिवेशन बोलाउनुपर्नेछ। र, ५४ प्रतिशतभन्दा बढी महाधिवेशनका प्रतिनिधिहरूले विशेष महाधिवेशनको माग गरिसकेकाले माथि उल्लेखित कारणको समाधान खोज्न विशेष महाधिवेशन अनिवार्य बनेको छ। विशेष महाधिवेशनले पार्टीको पुनर्गठन, नयाँ नीति र नेतृत्वको चयन र आगामी निर्वाचनका मुद्दाहरूको तर्जुमा गर्न सक्छ।

**विशेष महाधिवेशनका विषयहरू**

१. विषम राजनीतिक परिघटनाको सूक्ष्म विश्लेषण र विवेचना गरी नयाँ राजनीतिक परिवेशमा पार्टीको विगतको भूमिकाको निर्मम समीक्षा, गरिनुपर्ने आमुल सुधार र राजनीतिक कार्यदिशा तय गर्ने।

२. पार्टीका मौजुदा नीतिहरू, विगतका निर्णयहरू, काम-कारबाहीहरूबारे सूक्ष्म समीक्षा गरी नीति/रणनीतिको पुनरावलोकन तथा नयाँ नीति/रणनीतिहरूको तर्जुमा गर्ने।

३. नेपाली कांग्रेसको विधान, २०१७ को समसामयिक संशोधन/परिमार्जन गरी पार्टीको संगठनात्मक र संरचनात्मक पुनर्गठन तथा रूपान्तरण गर्ने।

४. पार्टीको संशोधित विधानबमोजिम केन्द्रीय कार्य समितिको नयाँ निर्वाचनमार्फत समय सापेक्ष नेतृत्व चयन गर्ने।

५. पार्टीका संरचना, भातृ तथा शुभेच्छुक संस्थाका संरचना र प्रतिनिधि सभा, प्रदेश सभा तथा स्थानीय तहका निर्वाचनमा युवा पुस्ता (जेन-जी) को सार्थक सहभागिता एवं प्रतिनिधित्व सुनिश्चित गर्ने स्पष्ट नीति र कार्य योजना तर्जुमा गर्ने।

६. नवपुस्ताको विद्रोहमा व्यक्त भावनाअनुसार मुलुकमा लोकतान्त्रिक शासन पद्धतिलाई सबल बनाई सुशासन सुनिश्चित गर्ने स्पष्ट दृष्टिकोण र कार्यक्रम तथा संवैधानिक सुधारबारे स्पष्ट खाका तर्जुमा गरी निर्वाचनमा जनतासमक्ष प्रस्तुत गरिने दस्तावेज तर्जुमा गर्ने।

तसर्थ, युवा पुस्ताको विद्रोहलाई सकारात्मक दृष्टिले हेर्ने र विश्लेषण गर्ने, यसलाई लोकतन्त्रको सबलीकरणको नयाँ अध्याय, सुशासन र भ्रष्टाचार विरुद्धको सशक्त आन्दोलनका रूपमा स्वीकार गर्नु प्रगतिशील नेपाली राजनीतिको अनिवार्यता हो।

यस परिवर्तनलाई आत्मसात् गरी तद्अनुरूप आफूलाई परिष्कृत गर्ने राजनीतिक दलहरूमात्र समयको गतिमा अनुकूलन हुन सक्छन्। बदलिनेले फेरि पनि समाजको नेतृत्व गर्नेछन् र भविष्यको भरोसा दिनेछन्। जो बदलिने आवश्यकता महसुस गर्दैनन् तिनीहरू इतिहासमा सीमित हुनेछन्।

यो कुरा नेपालका पुराना सबै दलहरूमा लागु हुने नै छ। नेपाली कांग्रेसजस्तो मुलुकको सबैभन्दा पुरानो लोकतान्त्रिक पार्टी र इतिहासका सबै परिवर्तनको नेतृत्व र व्यवस्थापन गरेको पार्टीले आफूलाई कसरी रूपान्तरण गर्छ ? यसैमा उसको भविष्य निर्भर गर्नेछ ! (नेपाली कांग्रेस महासमिति सदस्य) बाह्रखरीबाट

# बालविवाह न्यूनीकरण गर्न सचेतना अभियानमा महोत्तरीका युवा

**अजय शाह**

महोत्तरी, १९ कार्तिक। मधेशमा बालविवाह न्यूनीकरणका लागि महोत्तरीका युवाहरू सचेतना अभियान सुरु गरेका छन्। यही अभियान अन्तर्गत बर्दिबासमा मंगलवार साझा बालविवाह न्यूनीकरणसम्बन्धी सडक नाटक प्रदर्शन गरेका छन्। सिफ्ट अभियानअन्तर्गत युवा अभियन्ताहरूले बर्दिबासको भोला वसन्त चौकमा बालविवाह न्यूनीकरणसम्बन्धी सडक नाटक प्रदर्शन गर्दै गर्दा स्थानीय युवा, विद्यार्थी, बुद्धिजीवी, सरोकारवालाहरू, अभिभावक, शिक्षक, जनप्रतिनिधि लगायतको उल्लेख्य सहभागिता देखिएको थियो।

बालविवाहबाट व्यक्ति, परिवार, समाजमा पारिरहेको नकारात्मक असर र बालविवाह रोकथामका लागि समुदायको भूमिका बारे सडक नाटकमार्फत सचेतना फैलाउने प्रयास गरिएको थियो। स्थानीय युवाहरूद्वारा प्रदर्शित उक्त सन्देशमूलक सडक नाटक हेर्न स्थानीयवासी झुम्मिएका थिए। अभियान बर्दिबासस्थित युवा अभियन्ताको समूह युथ फर चेन्ज ले सेभ द चिल्ड्रेनको सहयोगमा सञ्चालन गरेको हो। अभियानले मधेश प्रदेशमा बालविवाह अन्त्य गर्नका लागि तत्काल कदम चाल्नुपर्ने आवश्यकतामा जोड दिएको छ। सेभ द चिल्ड्रेनद्वारा सञ्चालित सिफ्ट अभियानले युवाहरूलाई सामाजिक वा वातावरणीय परिवर्तनका लागि सार्वजनिक अभियान डिजाइन र सञ्चालन गर्न सहयोग गर्दछ।

अशिक्षा र चेतना अभावको कारण समाजमा हुने बालविवाहको कारण स्वास्थ्य, घरपरिवार तथा समाजमा पर्ने असर न्यूनीकरण गर्ने उद्देश्यले सडक नाटक प्रदर्शन गरिएको आयोजक संस्था युथ फर चेन्जका युवा अभियन्ता मनीषकुमारले बताउनुभयो। सडक नाटक प्रदर्शन हेरिसकेपछि मधेश प्रदेश सभा सदस्य एवम् बालअधिकारका लागि संसदीय मञ्चका संयोजक शारदादेवी थापाले समाजमा भइरहेका बालविवाहबाट पर्ने नकारात्मक असरबारे कसैले ध्यान नदिँदा विभिन्न हिंसाका घटनाहरु भइरहेकोले यस प्रकारका कार्यक्रमले सचेतना अभिवृद्धि गर्न मद्दत पुगेको बताउँदै भन्नुभयो।

उहाँका अनुसार सरकार र गैरसरकारी संघसंस्था सबैको सामूहिक प्रयत्नबाट मात्र यसको अन्त्य सम्भव छ। युवाहरूको नेतृत्वमा नै यस्तो प्रभावकारी अभियान सञ्चालन हुनु महत्वपूर्ण र अनुकरणीय रहेको उहाँले जिकिर गर्नुभयो। वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा करिब ३० प्रतिशत बालबालिकाको विवाह २० वर्ष उमेर नपुग्दै भभएको छ। सोही जनगणनाअनुसार मधेसमा सबैभन्दा बढी अर्थात् ३७ दशमलव तीन प्रतिशतले औसतमा १८ वर्षअगावै विवाह गर्छन्। त्यसमध्ये ५२ दशमलव दुई प्रतिशत बालिका र १९ प्रतिशत बालक छन्।

उमेर नपुग्दै विवाह गर्ने २९ दशमलव सात प्रतिशतमध्ये बालिकाको हिंसा ४१ दशमलव एक र बालकको हिंसा १५ दशमलव चार प्रतिशत छ। बहुआयामिक सूचक क्लस्टर सर्भे २०१९ अनुसार मधेशमा कुल जनसंख्याको आठ दशमलव नौ प्रतिशत बालबालिकाले १५ वर्ष नपुग्दै विवाह गर्छन्। यसमा पनि बालकको प्रतिशत दुई दशमलव एक छ भने बालिकाको १४ दशमलव दुई प्रतिशत छ। सोही अध्ययनअनुसार १८ वर्षअगावै विवाह गर्ने २९ दशमलव तीन प्रतिशतमध्ये ४६ प्रतिशत बालिका र सात दशमलव आठ प्रतिशत बालक छन्।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कले नै २०-२४ वर्ष उमेर समूहका विवाहित जनसंख्यामध्ये राष्ट्रियरूपमा २९ प्रतिशतको विवाह १८ वर्षअगाडि नै भएको देखाएको छ। मधेशमा भने यो संख्या ३५ प्रतिशत छ। देशभर यो उमेर समूहका १६ प्रतिशत पुरुष र ३५ प्रतिशत महिलाले १८ वर्षअगावै विवाह गर्ने गरेकामा मधेसमा भने यो प्रतिशत पुरुषको १७ र महिलाको ४२ छ। बालविवाहको अवस्था विकराल हुँदै गएपछि मधेश प्रदेश सरकारले सन् २०३० सम्म प्रदेशलाई बालविवाहमुक्त बनाउन १० वर्षे प्रादेशिक रणनीतिक योजना २०७८ ल्याएको छ।

त्यसैगरी, प्रदेश बालअधिकार ऐन २०७७, सारभूत लैङ्गिक समानता नीति २०७८, बाल सहभागितासम्बन्धी कार्यविधि २०७८, बालिका सशक्तीकरण तथा सरक्षण ऐन २०८१ र बेटी बचाउ, बेटी पढाउ अभियानमार्फत बालअधिकार सरक्षण तथा बालविवाह न्यूनीकरणमा कार्य गर्दै आएको छ। वि.सं. २०७८ को राष्ट्रिय जनगणनाले १० देखि १७ वर्ष उमेर समूहका ७४ हजार २७२ बालबालिकाको विवाह भइसकेको देखाएको छ। जसमध्ये १६ हजार ३४७ बालविवाहका घटना मधेश प्रदेशका देखिएका थिए। मधेशमा ४२ दशमलव चार प्रतिशत महिलाहरू १८ वर्षभन्दा अघि नै विवाह गर्छन्, जबकि राष्ट्रिय औसत ३३ प्रतिशत मात्र छ।

महोत्तरीमा यो दर ४३दशमलभ तीन प्रतिशत पुगेको छ। तथ्याङ्क अनुसार, मधेशमा हरेक पाँचमध्ये एक किशोरीले किशोरावस्थामै गर्भधारण गर्ने गर्छन्। बालविवाह विरुद्धको अभियानको नेतृत्व गरिरहेको बर्दिबास नगरपालिकाले हालसम्म १४ मध्ये नौ वटा वडालाइ बालविवाहमुक्त वडा घोषणा गरिसकेको छ र चालू आवमा नगरलाई नै बालविवाहमुक्त पालिका घोषणा गर्ने लक्ष्य लिएको छ।

# उपचार अभावमा परिवारका तीन सदस्य गुमाएका बुचन सदालाई किरिया खर्च सहयोग

राजविराज, १९ कार्तिक। उपचार अभावले एकपछि अर्को गर्दै परिवारका तीन सदस्य गुमाएर किरिया खर्चका लागि समेत समस्या खेपिरहेका सप्तरीको छिन्नमस्ता गाउँपालिका-५ सदा टोलका ३३ वर्षीय बुचन सदालाई सहयोग जुटेको छ। अतिविपन्न बुचनलाई ३ र ५ वर्षकी छोरी तथा ८ वर्षका छोराको छाक टार्न र श्रीमतीको उपचार गराउनसमेत कठिनाइ भइरहेको विषय सार्वजनिक भएपछि सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, गाउँपालिका र विभिन्न व्यक्तिहरूले समेत सहयोग गरेका छन्। मंगलबार साँझ बुचनको घरमै पुगेर उनीहरूले नगदसहितका सहयोग गरेका हुन्। इन्स्योरेन्स शाखा राजविराजका प्रबन्धक चन्द्रदेव यादवले २१ हजार नगदसहित एक क्विन्टल चामल, ५० किलो आलु, १०/१० किलो चना दाल, चना, प्याज, चिनी, नून र भूजा तथा १० लिटर खाने तेल सहयोग गरेका छन्।

त्यस्तै, एक प्याकेट पापड, आधा किलो जिरा, एक/एकवटा स्टिलको बाल्टिन, टप, थाल, गिलास, कचौरा, डाडु र पन्यु, एउटा ब्ल्याङ्केट, दुई/दुईवटा डसना, साडी, तकिया, गम्छा, बेडसिट, धौती, एक कार्टुन स्याउ, एक घरी केरा, एउटा छाता र किरियामा बसेका बुचनका लागि कपडा पनि सहयोग गरिएको छ। पीडित परिवारलाई केही हदसम्म राहत पुऱ्याउने उद्देश्यले तत्कालै नगदसहित ६० हजार रुपैयाँ बराबरको सहयोग गरिएको इन्स्योरेन्सका ब्रान्डिङ हेड मेघेन्द्रप्रकाश गिरीले बताए।

**भाडापखालाले एकै परिवारका तीन जनाको मृत्यु**

'उहाँको पीडामा हामीले केही हदसम्म मल्हम लगाउने प्रयास गरेका छौँ,' उनले भने, 'तत्काल आवश्यक पर्ने बुचनले उपलब्ध गराएको सूचीअनुसार हामीले समानसहित नगद उपलब्ध गराएका छौँ।' गाउँपालिकाले पनि ११ हजार नगदसहित ५० किलो चामल र ५/५ किलो दाल र खाने तेल उपलब्ध गराएको बुचनले बताए। त्यस्तै, नाम उल्लेख नगर्ने गरी सप्तरीका सञ्चारकर्मी रामशंकर भण्डारीमार्फत काठमाडौंका एक जना पाठकले ५ हजार २ सय रुपैयाँ र सप्तरीका अर्काले २ हजार १ सय रुपैयाँ आर्थिक सहयोग गरेका छन्।

मजदुरी गर्न भारतको पञ्जाब पुगेका बुचनको घरमा कात्तिक २ गते सुरु भएको भाडापखालाले कात्तिक ६ मा उनका एक वर्षका छोरा सञ्जीव, कात्तिक ११ मा ६६ वर्षका बुबा लक्ष्मण र कात्तिक १४ मा ४ वर्षकी छोरी राधिनीको मृत्यु भएको थियो। उनकी श्रीमती २६ वर्षकी पार्वतीदेवीको माइती पक्षले लहानमा उपचार गराइरहेको र उनको अवस्था सामान्य रहेको बुचनले बताए।

# हट्दै मृत्यु भोजको बाध्यता

**जीवछ यादव**

लहान, १९ कार्तिक। केही दशकअघिसम्म यादव समुदायमा कुनै व्यक्तिको मृत्यु हुँदा जसरी पनि मृत्यु भोज गर्नैपर्ने जातीय मान्यजनको दबाब हुन्थ्यो तर अब बिस्तारै त्यस्तो दबाब हट्न थालेको छ। पछिल्लो समय मृत्यु भोज गर्ने वा नगर्ने विषय मृतकका परिवारले स्वेच्छा अनुसार हुन थालेको यादव समुदायको संस्था गोपाल सेवा समिति लहानले जनाएको छ। लहान वडा नं. २३ बथनाहाका कमल यादवले भन्नुभयो, "मेरो पिताको अन्तिम संस्कारका दिन कात्तिक १७ गते मृत्यु भोज गर्न जातीय मान्यजनबाट कुनै दबाब आएन। गाउँस्तरमै भोज गरेँ। पहिला पहिला यस्तो भोज निकै ठुलो स्तरमा हुने गर्थ्यो। अहिले गोपाल सेवा समितिले नै मृत्यु भोजमा धेरै खर्च नगर्न पहल थालेको छ। गर्नैपर्ने कुनै दबाब दिँदैन।"

गोपाल सेवा समिति लहानका अध्यक्ष गणेश यादवले भन्नुभयो, "आफ्नो परिवारजनको मृत्युमा ऋण काढेर होस् या खेत बेचेर स्वजातीय मान्यजन सभापतिको दबाबमा भोज गर्नैपर्ने अवस्था थियो। यस विषयमा गोपाल सेवा समितिले भिन्न जनजागरण कार्यक्रम गरेपछि मृत्यु भोजको दायरा विगतभन्दा घट्दै गएको छ। सम्पन्न व्यक्तिले पनि भोजमा गर्ने खर्च गोपाल सेवा समितिको भवन निर्माणका लागि चन्दा दिन वा अन्य सामाजिक कार्यमा लगाउन थालेका छन्।" जिल्ला समन्वय समिति सिराहाका प्रमुख दिनेश महतोले यादव, कोइरी (महतो), कलाल, सुँडी, तेलीलगायत अन्य जातीय समुदायमा देखिएको मृत्यु भोज र दाइजो विकृतिको बहस तीव्र रूपमा हुन थालेको बताउनुभयो। उहाँले भन्नुभयो, "यसबाट सकारात्मक परिणाम पनि आउन थालेको छ।"

महदेवागाउँका यादव जातीय मान्यजन पल्टु यादवका अनुसार विगतमा सिराहामा यादव, महतो र तेली समुदायमा मृत्यु भोजमा बर्सेनि तीन करोड रुपियाँभन्दा बढी मूल्यको सामग्री भारतीय बजारबाट आउने गरेको देखिन्छ। अहिले मृत्यु भोजको दायरा घटाउन थालेपछि यसले समाजमा पनि राम्रो प्रभाव पार्न थालेको उहाँको भनाइ छ। अबका दिनमा मृत्यु भोजका लागि ऋण काढ्न वा खेत बेच्न आवश्यक छैन। हरेक जातीय संघ संगठनले आफ्नो स्वजातीय विकृति हटाउन सञ्चालन गरेको जागरण अभियानले गति लिइरहेको वरिष्ठ लेखक रामरिझन यादवले बताउनुभयो।

उहाँले आफ्ना मातापिताको मृत्यु भोज नगरी छोरीलाई उच्च शिक्षा दिन प्रतिष्ठान गठन गर्ने अभियान थाल्दा आफू जातीय मान्यजनबाटै बहिष्कृत भएको पीडा व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "बल्ल अहिले आएर समाज परिवर्तन हुन थालेको छ। यो देख्दा खुसी लाग्छ।"

# खैरो हेरोइनसहित एक युवक पक्राउ

सिरहा, १९ कार्तिक। यहाँको गोलबजार नगरपालिका-८ स्थित पुरानो चोहर्वाबाट प्रहरीले खैरो हेरोइनजस्तो देखिने पदार्थसहित एक युवकलाई पक्राउ गरेको छ। लागुऔषध बिक्रीवितरण भइरहेको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय गोलबजार र लागुऔषध नियन्त्रण ब्युरोको संयुक्त टोलीले मंगलबार साँझ गोलबजार-१० महाजन टोलका करिब २० वर्षीय रूपेश सिंहलाई पक्राउ गरेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार सिंहको साथबाट सानो कालो प्लास्टिकको पोकामा लुकाएर राखिएको दुई ग्राम १३० मिलिग्राम खैरो हिरोइनजस्तो देखिने पदार्थ बरामद गरिएको हो। सिंहलाई हाल गोलबजारस्थित प्रहरी कार्यालयमा राखी थप अनुसन्धान भइरहेको उनले जानकारी दिए। यसअघि गत आइतबार राति प्रहरीले लहान र कर्जन्हाबाट पनि खैरो हिरोइनसहित चार जनालाई पक्राउ गरेको थियो।

## कात्तिक २२ गते ...

प्रतिनिधित्व गर्दै लोसपा नेपाल मधेश प्रदेश संसदीय दलका नेता जैनुल राइनको नेतृत्वमा गएको नेताहरूको एक टोलीले मुख्यमन्त्रीको विश्वासको मतका लागि आज प्रदेशसभा सचिवालयमा पत्र बुझाएको थियो।

> छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# अस्पतालकै भवनबाट गाउँपालिकाको सेवा

सिरहा, १९ कार्तिक। गत भदौ २४ गते भएको 'जेनजी' प्रदर्शनका क्रममा यहाँको औरही गाउँपालिकाको प्रशासनिक भवनमा आगजनी गरिएकामा सेवा प्रवाहमा समस्या भइरहेको छ। गाउँपालिकाको भवन आगजनीबाट ध्वस्त भएपछि हाल स्थानीय औरही अस्पतालको भवनबाट सेवा सञ्चालन गरी सहजता ल्याउने प्रयास भइरहेको छ। कार्यालय सञ्चालनका लागि अर्को विकल्प नहुँदा गाउँपालिकाले अस्पतालको माथिल्लो तला प्रयोग गरेर सेवा प्रवाह भइरहेको गाउँपालिका अध्यक्ष शिवजी यादवले बताए। उनका अनुसार नयाँ भवन निर्माणाधीन रहेकाले तत्कालका लागि अस्पतालमा नै कार्यालय सञ्चालन गर्नुपर्ने बाध्यता आएको हो।

अध्यक्ष यादवले भने, "पुरानो भवन कामै नलाग्ने गरी ध्वस्त भयो। हाल अर्को विकल्प नहुँदा अस्पतालसँग सहकार्य गरेर काम गरिरहेको छौँ। गत वर्षदेखि निर्माण सुरु गरिएको नयाँ प्रशासकीय भवन यसै आर्थिक वर्षभित्र सम्पन्न गर्न दूर्ततगतिमा काम गर्न लगाएका छौँ।" उनका अनुसार रु सात करोड ९४ लाख १८ हजार ८९० लागतमा

नयाँ भवन निर्माणको काम भइरहेको छ। अस्पताल र गाउँपालिका एउटै भवनमा सञ्चालन हुन थालेपछि बिरामीले पाउनुपर्ने स्वास्थ्य सेवामा समस्या भइरहेको छ भने अर्कातर्फ गाउँपालिका कार्यालयका कर्मचारीलाई पर्याप्त स्थान अभावका कारण प्रशासनिक काम गर्न कठिनाइ भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवशरण यादवले बताए।

हाल अस्पतालको माथिल्लो तलामा गाउँपालिकाको प्रमुख प्रशासकीय कक्षसहित शिक्षा र स्वास्थ्य शाखा सञ्चालनमा छन्। कोठा अभावका कारण अस्पतालकै माथिल्लो तलामा रहेको न्यायिक समितिको हलमै अध्यक्ष र उपाध्यक्षको कार्यकक्ष व्यवस्थापन गरिएको छ। कृषि, राजस्व र पशु शाखा भने कृषि तथा पशुपन्छी सेवा केन्द्रको छुट्टै भवनबाट सञ्चालन भइरहेको छ। अस्पताल प्रमुख उपेन्द्र यादवले गाउँपालिकाको प्रशासनिक कामकाज सञ्चालन हुन थालेपछि अस्पतालका नियमित सेवाहरू प्रभावित भएको बताए। उनले भने, "गाउँपालिकाका सेवाग्राहीको भीडभाडले गर्दा बिरामीलाई स्वास्थ्य सेवा दिन असहज भइरहेको छ। कोठा अभावमा बहिरङ्ग सेवा, प्रसूति सेवा र अस्पतालको प्रशासनिक कामकाज प्रभावित भएकाले नियमित स्वास्थ्य सेवा दिन समस्या देखिएको छ।"

पन्ध्र शय्या क्षमताको अस्पतालमा हाल पाँच शय्या मात्रै सञ्चालनमा छन्। दैनिक एक सय हाराहारी बिरामी उपचारका लागि आउने गरेकाले भीडभाडका कारण स्वास्थ्यकर्मीलाई सेवा प्रवाह गर्न थप चुनौती देखिएको अस्पताल प्रशासनले जनाएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)